

**सडक डिभाईडरमा बसेर ब्यापारः** बुटवलको अस्पताल लाईनमा रहेको आकासेपुल नजिकै सडक किनारमा ब्यापार गर्दै व्यापारी *तस्बिरः बिश्वास ढकाल बुटवल टुडे*

# गुल्मी ब्याडमिन्टन संघमा थापा



गुल्मी (बुटवल टुडे), १९ भदौ जिल्ला ब्याडमिन्टन संघ गुल्मीमा भरत थापाको अध्यक्षतामा सर्वसम्मत रूपमा नयाँ नेतृत्व गठन भएको छ। ब्याडमिन्टन संघको वार्षिक साधारण सभा तथा चौंथो जिल्ला अधिवेशनले बिहिवार १५ सदस्यीय नयाँ नेतृत्व चयन गरेको हो।

थापाको नेतृत्वमा नवगठित समितिको बरिष्ठ उपाध्यक्षमा शुरेश श्रेष्ठ, उपाध्यक्ष माधव विष्ट, सचिव चतुर्भुज पन्थी र कोषाध्यक्ष प्रकाश बुढाथोकी रहेका छन्। त्यसैगरी समितिको सदस्यहरूमा नारायण जिसी, कुमार थापा, चित्र बहादुर श्रीस, राजु पाण्डे, वावुलाल पन्थी, राजन काउँछा, होम पल्ली, तारा बहादुर श्रेष्ठ, यम बहादुर थापा र हिमाल श्रीस निर्वाचित भएको निर्वाचन अधिकृत विष्णु बलालले जानकारी दिएका छन। वार्षिक साधारण सभामा संघका निवर्तमान अध्यक्ष नवराज श्रेष्ठले संस्थाको विगतदेखि वर्तमान अवस्था र आफूले शुरु गर्न थालेका भावी योजनाको बारेमा प्रकाश पारेका थिए। कार्यक्रममा कोषाध्यक्ष रामप्रसाद पन्थीले २७ लाख ७२ हजार एक सय ६७ रूपैयाँ बराबरको आय ब्यय प्रस्तुत गरेका थिए।

नवनिर्वाचित अध्यक्ष थापाले संस्थालाई स्थापनाकालदेखि अवर्तमान अबस्थासम्म ल्याई पुराउन सहयोग गर्नुहुने सम्पूर्ण अग्रजहरूलाई धन्यबाद व्यक्त गर्दै सबैको सुझाव र सल्लाह अनुसार आफ्नो कार्यकालमा थप नयाँ र रचनात्मक काम गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। कार्यक्रममा लुम्बिनी खेलकुद परिषद् सदस्य महेश काउछा, सल्लाहकार श्रीप्रसाद भलामी, संघका संस्थापक अध्यक्ष शेर बहादुर थापा, उपाध्यक्ष मनोज काउछा लगायतका वक्ताहरूले शुभकामना मन्तव्य व्यक्त गरेको कार्यक्रमका सञ्चालक शुरेस श्रेष्ठले जानकारी दिएका छन।

# सन्धिखर्कमा ४३ प्रतिशतले बढ्यो आन्तरिक राजस्व

अर्घाखाँची, १९ भदौ - अर्घाखाँचीको सन्धिखर्क नगरपालिकाले अनुमानित भन्दा ४३ प्रतिशत बढी आन्तरिक राजस्व संकलन गर्न सफल भएको छ। नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा ३ करोड २० लाख आन्तरिक राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा उक्त रकमभन्दा ४३ प्रतिशत बढी ४ करोड ५७ लाख ९६ हजार रूपैयाँ राजस्व संकलन गरेको नगरपालिकाका राजस्व शाखा प्रमुख मुक्तिराम खनालले बताए।

गत आर्थिक वर्ष २०८१/८२ मा नगरपालिकाले भौतिक प्रगति ९९.८९ प्रतिशत र वित्तीय प्रगति ९६.९० गर्न सफल भएको नगरपालिकाका अधिकृत छैटौं डिलकुमार केसीले बताए। सन्धिखर्क नगरपालिकाले आन्तरिक रूपमा पनि सक्षम हुनुपर्छ भन्ने मान्यताका साथ आन्तरिक राजस्व संकलनलाई प्राथमिकतामा राखेर काम गर्दै आएको छ। जिल्लाको सदरमुकाम रहेको सन्धिखर्क नगरपालिकालाई सक्षम बनाउन विभिन्न योजना बनाएर नगरपालिकाले काम गरिरहेको छ।

अर्घाखाँचीको सन्धिखर्क नगरपालिकाले कृषि, पशुपालन र पर्यटनलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरी काम गरिरहेको छ।



सन्धिखर्क नगरपालिकाले यस वर्षका लागि १ अर्ब ११ करोड १४ लाख रूपैयाँको बजेटसहित नीति तथा कार्यक्रम अगाडि बढाएर काम सुरु गरेको छ। नगरबासीको जीवनस्तर सुधार र सहज सेवाप्रवाह सुनिश्चित गर्न नागरिक आवश्यकतालाई केन्द्रमा राखेर कार्यक्रम सञ्चालन हुने गरेको नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले बताएका छन्।

सामाजिक न्याय, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र रोजगारी सिर्जनालाई प्राथमिकता दिइएको छ। विशेषगरी नगरका तीन प्रमुख धार्मिक तथा पर्यटकीय स्थल– सुपादेउराली, नरपानी र अर्घाको पर्यटन प्रवर्धनका लागि विशेष पहल गरिने गरी काम अगाडि बढिरहेका छन्। कृषि क्षेत्रको सशक्तीकरणलाई नीति कार्यक्रममा केन्द्रमा राखिएको छ। नगरभित्र व्यवसायिक खेती विकास र रैथाने बालीको संरक्षणलाई प्राथमिकता दिइने बताइएको छ। त्यसैगरी, हल गोरु पाल्ने किसानहरूलाई प्रोत्साहन स्वरूप विशेष कार्यक्रम सञ्चालन गरिने योजना पनि नीति कार्यक्रममा उल्लेख गरेको छ।

उद्योग, व्यापार तथा स्वरोजगार सिर्जनामा टेवा पुऱ्याउने उद्देश्यले 'शुलभ कर्जा' कार्यक्रम अन्तर्गत प्रस्ताव मूल्यांकनको आधारमा ५ लाख रूपैयाँसम्मको बिनाधितो ऋण उपलब्ध गराइने व्यवस्था गरिएको छ प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसालले बताएका छन्। यसले स्वरोजगारको अवसर सिर्जना गर्नुका साथै साना उद्यमीहरूलाई आर्थिक उकासो दिन सहयोग पुऱ्याउने विश्वास लिइएको छ।

शिक्षा क्षेत्र सुधारका लागि सामुदायिक विद्यालयहरूमा संस्थागत सुधार अभियान सञ्चालन गरिने बताइएको छ। नगरभित्रको पाणिनि बहुमुखी क्याम्पसमा अध्ययनरत गरिब तथा जेहेनदार विद्यार्थीका लागि १३ लाख रूपैयाँको विशेष विनियोजन गरिएको छ। यसले उच्च शिक्षामा पहुँच विस्तार र गुणस्तरीय शिक्षा प्रवर्धनमा टेवा पुऱ्याउने अपेक्षा गरिएको नगरपालिकाका सूचना अधिकारी मञ्जु खनालले जानकारी दिइन्।

# जन्मदिनमा रक्तदान

बुटवल १९ भदौ - बिहीवार हजरत मोहम्मद मुस्तफा स्वल्लल्लाहो अलैहेवसल्लम जन्मदिनको अवसरमा बुटवल बिकाश पथमा रहेको मदिना मदरसा मस्जिद प्रबन्ध परिषद रक्तदान कार्यक्रम सम्पन्न गरेको छ।

संस्थाका अध्यक्ष हाजि सकुर मिया रक्तदातालाई ब्लड ब्याग हस्तान्तरण गरि कार्यक्रमको उद्घाटन गरिएको छ। कार्यक्रममा ७२ जनाले रक्तदान गरेको कार्यक्रम संयोजक अन्जिल खानले बताए।



कार्यक्रममा संरक्षक हाजि जमाल मिया, सस्थाका पदाधिकारी र रक्तदाताहरूलाई प्रमाणपत्र प्रदान गरिएको छ।


**भाडामा**

स्थानः बुटवल, मुख्य क्षेत्र - मिलनचोक, I.C.I. भवन

क्षेत्रफलः करिब १२०० स्क्वायर फिट

यो फ्ल्याट विमा कम्पनी, एनजीओ/आईएनजीओ, कन्सल्टेन्सी तथा अफिस सञ्चालनका लागि उपयुक्त छ।

सम्पर्कः ९८५१०४४६२८, ९८५७०३८४२४

**ट्वाईलेट सफा गराउनुहोस्**

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस् र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल भ्याकुम पम्प, विजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिईने छ।

ट्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला।

**तिनाउ सेनेटरी**

बुटवल–१० सुख्खानगर, रुपन्देही

फोनः ९८५७०५८८१३, ९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सुपथ मूल्यमा नगरपालिकाभित्र वा बाहिर काम गर्न र गराउन हामीलाई एक पटक सेवा गर्ने मौका दिनुहोस् ।

**पाल्पाली मगर सम सेनेटरी**

बुटवल–१७, मोतीपुर, रुपन्देही

फोनः ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

**ट्वाइलेट सफा गराउनु परेमा**

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम गर्नु परेमा हामिलाई सम्पर्क गर्नुहोला।

**गगन सेनेटरी**, बुटवल–८, सुख्खानगर रुपन्देही

फोनः ९८६७०२१६१४, ९८१५४४७६४८ ९८०४४१३२८७, ९८१६४६४१७२


## Rampur Municipality
## Office of the Municipal Executive
### Rampur, Palpa

## Re-Invitation for Bids

**Date of Publication: 2082-05-20(2025-09-05)**

1. Rampur Municipality invites electronic bids from eligible bidders for the procurement of below mentioned Goods and Works.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the www.bolpatra.gov.np/egp.
3. The name and identification of the contract are as follows:

| Contract No. | Contract Name | Last date & time of Bid document Purchasing. | Last date & time of Bid document Submission. | Bid Opening date & time | Estimated Amount, NRs. (Including VAT) | Minimum Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|---|---|---|
| RMO/GHAT/NCB/01-082/083(RE) | collection and extraction of river bed materials of Lipsi Majhuwa Ghat. | 2082/06/05 2025/09/21 12:00 hrs. | 2082/06/05 12:00 hrs. | 2082/06/05 14:00 hrs. | 2,62,802.61 | 13,500.00 | 3000.00 |
| RMO/GHAT/NCB/02-082/083(RE) | collection and extraction of river bed materials of Mathar Ghat. | 2082/06/05 2025/09/21 12:00 hrs. | 2082/06/05 12:00 hrs. | 2082/06/05 14:00 hrs. | 13,47,197.46 | 67,500.00 | 3000.00 |
| RMO/GHAT/NCB/03-082/083(RE) | collection and extraction of river bed materials of Khayerbot Ghat. | 2082/06/05 2025/09/21 12:00 hrs. | 2082/06/05 12:00 hrs. | 2082/06/05 14:00 hrs. | 55,27,900.86 | 2,76,500.00 | 3000.00 |
| RMO/GHAT/NCB/04-082/083(RE) | collection and extraction of river bed materials of Bhalayatar Ghat. | 2082/06/05 2025/09/21 12:00 hrs. | 2082/06/05 12:00 hrs. | 2082/06/05 14:00 hrs. | 32,72,483.55 | 1,63,700.00 | 3000.00 |
| RMO/GHAT/NCB/05-082/083(RE) | collection and extraction of river bed materials of Bardikhola Ghat. | 2082/06/05 2025/09/21 12:00 hrs. | 2082/06/05 12:00 hrs. | 2082/06/05 14:00 hrs. | 20,26,312.84 | 1,01,500.00 | 3000.00 |
| RMO/GHAT/NCB/06-082/083(RE) | collection and extraction of river bed materials of Baudi Ghat. | 2082/06/05 2025/09/21 12:00 hrs. | 2082/06/05 12:00 hrs. | 2082/06/05 14:00 hrs. | 31,89,009.34 | 1,59,500.00 | 3000.00 |
| RMO/GHAT/NCB/07-082/083(RE) | collection and extraction of river bed materials of Mulewa Ghat. | 2082/06/05 2025/09/21 12:00 hrs. | 2082/06/05 12:00 hrs. | 2082/06/05 14:00 hrs. | 13,10,415.35 | 65,600.00 | 3000.00 |
| RMO/GHAT/NCB/08-082/083(RE) | collection and extraction of river bed materials of Nisardi Ghat. | 2082/06/05 2025/09/21 12:00 hrs. | 2082/06/05 12:00 hrs. | 2082/06/05 14:00 hrs. | 4,28,957.85 | 21,500.00 | 3000.00 |
| RMO/GHAT/NCB/09-082/083(RE) | collection and extraction of river bed materials of Bhujat Ghat. | 2082/06/05 2025/09/21 12:00 hrs. | 2082/06/05 12:00 hrs. | 2082/06/05 14:00 hrs. | 16,19,325.44 | 81,000.00 | 3000.00 |
| RMO/GHAT/NCB/10-082/083(RE) | collection and extraction of river bed materials of Amdaha Ghat. | 2082/06/05 2025/09/21 12:00 hrs. | 2082/06/05 12:00 hrs. | 2082/06/05 14:00 hrs. | 10,70,229.71 | 53,600.00 | 3000.00 |
| RMO/GHAT/NCB/14-082/083(RE) | collection and extraction of river bed materials of Keladi Ghat. | 2082/06/05 2025/09/21 12:00 hrs. | 2082/06/05 12:00 hrs. | 2082/06/05 14:00 hrs. | 17,63,147.38 | 88,500.00 | 3000.00 |
| RMO/GHAT/NCB/15-082/083(RE) | collection and extraction of river bed materials of Badabagar Ghat. | 2082/06/05 2025/09/21 12:00 hrs. | 2082/06/05 12:00 hrs. | 2082/06/05 14:00 hrs. | 12,34,950.43 | 62,000.00 | 3000.00 |
| RMO/GHAT/NCB/16-082/083(RE) | collection and extraction of river bed materials of Tapudham Khatang Ghat. | 2082/06/05 2025/09/21 12:00 hrs. | 2082/06/05 12:00 hrs. | 2082/06/05 14:00 hrs. | 10,13,265.58 | 51,000.00 | 3000.00 |

4. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

**बुटवल पब्लिकेशन (प्रा.) लि.** द्वारा प्रकाशित **प्रधान कार्यालयः** बुटवल-६, तिलोत्तमा पथ, रूपन्देही, **फोनः** ०७१-५५४६४०, ५५४६४२, **इमेलः** newsbutwaltoday@gmail.com (Paper News), addbutwaltoday@gmail.com (Advt.), ebutwaltoday@gmail.com(online news)
**अध्यक्षः** हरि प्रसाद पौडेल, **प्रबन्ध संचालक/प्रवन्ध सम्पादक** : नवराज कुँवर, **सम्पादकः** कृष्ण मल्ल, **मुद्रणः** पश्चिमाञ्चल सञ्चार गृह (प्रा.) लि.